प. क्षे. हु.नि. द. नं. ३/०७४/७५

# पृथ्वी बुलेटिन
# Prithvi Bulletin

Year 3; Issue 2; Sept. 2018-Feb. 2019

Tribhuvan University
त्रिभुवन विश्वविद्यालय
**Prithvi Narayan Campus**
**पृथ्वीनारायण क्याम्पस**

# पृथ्वीनारायण क्याम्पस QAA प्रक्रियाको अन्तिम चरणमा

**अब हामी धेरै अगाडि बढिसकेका छौं, पछि फर्कने कुरै भएन - क्याम्पस प्रमुख थापा**

त्रि.वि.- पृ.ना.क्या., भदौ १० - पृथ्वीनारायण क्याम्पसले आफूलाई विश्वविद्यालय अनुदान आयोग ले अगाडि सारेको गुणस्तर सुनिश्चितता र प्रत्यायन (छोटकरीमा QAA भनिन्छ) प्रक्रियामा सहभागी भई क्याम्पसले प्रदान गर्ने शिक्षालाई गुणस्तरीय गराउने उद्देश्यका साथ अघि बढेको छ ।

यसै सन्दर्भमा मिति २०७५ जेठ ३१ गतेका दिन क्याम्पसले Self-Study Report (SSR) तयार गरी गुणस्तरको प्रमाण-पत्र प्राप्त गर्ने उद्देश्यले विश्वविद्यालय अनुदान आयोगमा पेश गरेको थियो ।

क्याम्पस प्रमुख तथा Internal QAA Committee (IQAAC) का अध्यक्ष प्रा.डा. चन्द्रबहादुर थापाले QAA प्रक्रियामा गई क्याम्पसलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने संस्थाका रुपमा विकसित गर्नुपर्छ भन्नुभयो । वहाँका अनुसार क्याम्पसमा पर्याप्त भौतिक पूर्वाधार भएको, सक्षम जनशक्ति भएको र विद्यार्थी संख्यामा कमी नभएको अवस्था हुँदाहुँदै पनि उपलब्ध स्रोत-साधनको उचित व्यवस्थापन नहुनुका कारण हामी QAA प्रक्रियाको भरमग्दुर फाईदा लिनमा ढिलाई गरेका हौं । अब हामी धेरै अगाडि बढिसके का छौं, पछि फर्कने कुरै भएन, वहाँको भनाई थियो ।

त्यसैगरी क्याम्पसअन्तर्गत रहेको QAA/Reform Unit का संयोजक डा. मीन पुनका अनुसार विश्वविद्यालय अनुदान आयोगले पुर्वउपकुलपति प्रा.डा. कमलकृष्ण जोशीको संयोजकत्वमा Peer Review Team (PRT) गठन भइसकेको र चाँडै नै सो टोलीले क्याम्पसमा अध्ययन भ्रमण थाल्ने छ । डा. पुनले थप्नुभयो, आयोग द्वारा Pre-Visit को प्रक्रिया सुरु भइसकेको र त्यसका लागि क्याम्पसमा तयारी अवस्थामा रहन सम्बद्ध सबैमा आह्वान गरि सकिएको छ । हामी QAA प्रक्रियाको अन्तिम चरणमा छौं ।

पृथ्वीनारायण क्याम्पसमा QAA प्रक्रियाको सुरुवात गत कार्तिक महिनाबाट गरिएको थियो ।

सो प्रक्रियामा जानका निमित्त विभिन्न उप-समितिहरु गठन गरिएको छ । जसमध्ये स्व-मूल्यांकन टीम, गुरुयोजना टीम, इएमआइएस टीम, र वार्षिक प्रतिवेदन टीम रहेका छन् ।

त्यसैगरी प्राज्ञिक अडिट एकाइ, सार्वजनिक सूचना एकाइ, अतिरिक्त कार्यक्रम एकाइ, नोकरी प्लेसमेण्ट एकाइ, कन्सल्टेन्सी एण्ड काउन्सलिङ सेवा एकाइ, अन्तर्राष्ट्रिय सहकार्य एकाइलगायतका उप-समितिहरु क्रियाशील रहेका छन् ।

यी उप-समितिहरु क्याम्पसमा गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि गठन गरिएका हुन् र यी उप-समितिहरु क्याम्पसअन्तर्गत रहेको IQAAC को मातहतमा पूर्ण क्रियाशील रहेका छन् ।

# Research Committee Allocates Faculty Research Grants

TU-PNC, 20 April 2018 – The Research Committee of Prithvi Narayan Campus has awarded the mini research grants to the faculty members who have applied for the grants 2018.

The source said that a total of 15 grants have been made available for faculty this year: 10 for mini research grants (individual for non-Ph.D. holders) and 5 for mini research grants (group for Ph.D. holders).

In order to distribute the awards proportionately to all subjects or areas, each Faculty/Institute have been awarded at least 1 mini research grant (individual) and 1 mini research grant (group), depending on a number of faculty members available based on proportional representation in the Faculty/Institute.

For the year 2018, the mini research grants (group category) were awarded to Dr. Ram Jeevan Yadav (Mrs. Ganga Shrestha and Pitambar Aryal as co-researchers) of Chemistry, Dr. Naba Raj Neupane (Yub Raj Dawadi and Khima Nanda Poudel as co-researchers) of English Education, Dr. Laxmi Saran Adhikari (Gir Bahadur Khadka and Nirmal Sapkota as co-researchers) of Nepali, and Dr. Uma Nath Baral (Than Bahadur Chhetri and Girdhari Subedi as co-researchers) of Political Science.

In the individual category of mini research grants, Hari Prasad Pathak of Management, Hari Lal Upadhyay (Narayan Dutta Bastakoti as co-researcher) of Botany, Resam Lal Poudel of Management, Parashu Ram Poudel (Kamal Raj Poudel as co-researcher) of Physics, Rabi Karki (Dr. Kapil Adhikari and Dipak Adhikari as co-researchers) of Physics, Jas Bahadur Gurung of Mangement, Vijay Aryal of Population Studies, Radha Devi Sharma of English, Shulochana Khanal of Nepali and Suraj Paudel of Nepali Education received the grants for the year 2018.

The grantees have to complete their research within six months upon signing the agreement between the grantee and the research committee authority.

## INSIDE THIS ISSUE


- QAA Process/1
- Japan Visit/2
- Research Committe Formation/2
- MoU with Hefei University/3
- 108th International Women's Day/4
- Student Support Grants/5
- Interview with Prof. Dr. Adhikari of UGC/ 6
- International Symposium on Folk Literature/8
- Blood Donation by PNC Alumni/9
- Health Camp/10
- Best Researcher Award for BALLB Students/12

# क्याम्पस प्रमुख थापाको नेतृत्वमा जापानको औपचारिक भ्रमण सम्पन्न

त्रि.वि.-पृ.ना.क्या., भदौ ७ - जापानका दुई विश्वविद्यालयको निमन्त्रणामा पृथ्वीनारायण क्याम्पसका क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापाको नेतृत्वमा तीन सदस्यीय टोली साउन २८ गते औपचारिक भ्रमणका लागि जापानतर्फ प्रस्थान गरेको थियो र भ्रमण टोली भदौ ५ गते स्वदेश फिर्ता भएको छ।

भ्रमण टोलीका प्रमुख प्रा.डा. थापाका अनुसार भ्रमण अत्यन्त सुखद र उपलब्धिमूलक रहनुका साथै भ्रमणले क्याम्पसलाई अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्न बाटो समेत खुलेको विचार व्यक्त गर्नुभयो।

भ्रमण टोलीले जापानका वाकानाई विश्वविद्यालय र मुरोरान ईन्स्टिच्युट अफ् टेक्नोलोजीमा संयुक्तगोष्ठीमा कार्यपत्र प्रस्तुतीकरण दिनुका साथै दुबै संस्थासंग द्विपक्षीय सम्झौता पत्रमा हस्ताक्षर गर्ने कार्यक्रम भएतापनि यसपटक वाकानाई विश्वविद्यालयसंग मात्र द्विपक्षीय सम्झौता पत्रमा हस्ताक्षर भएको छ।

वाकानाई विश्वविद्यालयका प्राध्यापक डा. विष्णुप्रसाद गौतम र मुरोरान ईन्स्टिच्युट अफ् टेक्नोलोजीका प्राध्यापक काजुहिको सातोले भ्रमणको पहल गरिदिनु भएको थियो। वहाँहरू दुबै आ-आफ्ना टोलीका साथ केही महिनाअघिको नेपाल भ्रमणको बेलामा पृथ्वीनारायण क्याम्पससंगको सहकार्यात्मक कार्यक्रममा द्विपक्षीय सम्झौता पत्रमा हस्ताक्षर गर्ने कुरा तय भएको थियो।

पृथ्वीनारायण क्याम्पसअन्तर्गत रहेको QAA/Reform Unit र अन्तर्राष्ट्रिय सम्बन्ध एकाईका संयोजक सह-प्राध्यापक डा. मीन पुनका अनुसार, क्याम्पसले उच्च शिक्षालाई गुणस्तरीय बनाउन अन्तर्राष्ट्रिय सम्बन्धलाई पनि अगाडि बढाउनु पर्छ। वहाँले भन्नुभयो - "क्याम्पसले चीनको हेफी विश्वविद्यालयसंग प्राज्ञिक सहकार्यका लागि सम्झौता पत्रमा हस्ताक्षर गरिसकेको, जापानतर्फको भ्रमण टोलीले दुई जापानिज विश्वविद्यालयमध्ये एउटासंग सम्झौता हालै गरिएको र निकट भविष्यमा भारतको महाराष्ट्र विश्वविद्यालयसंग सम्झौता गर्ने छ।"




वाकानाई विश्वविद्यालयका सभाध्यक्ष र पृथ्वीनारायण क्याम्पसका क्याम्पस प्रमुखबीच सम्झौता पत्रमा हस्ताक्षर पश्चात्को फोटो सेसन। साथमा सोही विश्वविद्यालयका प्राध्यापक डा. विष्णुप्रसाद गौतम

भ्रमण टोलीले जापानमा रहँदा पोखरा शहर र वाकानाई शहरबीचको मित्रताको सम्बन्ध कायम गराउन समेत पहल गरेको थियो। यसका लागि टोलीले पोखरा लेखनाथ महानगरपालिकाको तर्फबाट वाकानाई शहरका लागि मित्रताको प्रस्तावसमेत लिएर गएको थियो। टोलीले वाकानाई शहरका मेयरसंग भेट गरी पोखरा शहरका मेयर का लागि सुखद समाचार लिएर आएको छ।

भ्रमण टोलीमा प्राणीशास्त्र विभागका उप-प्राध्यापक रामजी गौतम र बी.एससी. सीएसआईटी कार्यक्रमका फ्याकल्टी पृथ्वीराज पनेरु समावेश हुनुहुन्थ्यो।

# सेवेन ए साइड फुटबल प्रतियोगिताको आयोजना

त्रिवि-पृ.ना.क्या., भदौ १५ - पृथ्वीनारायण क्याम्पसको ५९औं वार्षिकोत्सव यही २०७५ भदौं १७ गते मनाईएको थियो।

सो उपलक्ष्यमा क्याम्पसले विविध कार्यक्रमको आयोजना गरेको थियो। तिमध्ये प्राध्यापक-कर्मचारी सेवेन ए साइड फुटबल प्रतियोगिता-२०७५ को आयोजना भदौ १३, १४ र १५ गते हरेक दिन अपरान्ह २ बजेपछि खेलाइएको थियो। क्याम्पस हाताभित्र रहेको अन्नपूर्ण खेल मैदानमा खेलाइएको उक्त प्रतियोगितामा प्राध्यापक र कर्मचारीहरुको छुट्टाछुट्टै टीमले भाग लिएका थिए। प्रथम र द्वितीय हुनेलाई नगद, ट्रफी, मेडल र प्रमाण-पत्र वितरण गरिएको थियो।

# पृथ्वीनारायण क्याम्पसमा अनुसन्धान समिति गठन

त्रि.वि. – पृ.ना.क्या., बैसाख २४ – पृथ्वीनारायण क्याम्पसमा अनुसन्धानसम्बन्धि गतिविधिलाई निरन्तरता दिन नयाँ अनुसन्धान समिति गठन गरी कार्य थालनी गरिएको छ।

क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापा अध्यक्ष रहेको उक्त अनुसन्धान समितिमा प्रा.डा. लेखनाथ भट्टराई सदस्य सचिव रहनु भएको छ। समितिको सदस्यहरुमा प्रा.डा. अक्कलदेव मिश्र, प्रा.डा. विष्णुप्रसाद पौडेल, प्रा.डा. ज्ञानबहादुर कार्की, प्रा.डा. विकास कुमार केसी, र प्रा.डा. शोभाकान्त लामिछाने रहनु भएको छ। त्यसैगरी सदस्यहरुमा डा. सरोज कोइराला र डा. मीन पुन पनि रहनु भएको छ।

अनुसन्धान समितिको पहिलो बैठकले समितिको विविध गतिविधिलाई अगाडि बढाउन विभिन्न उप-समितिहरु समेत गठन गरेको छ। जस्तोकि प्रा.डा. लेखनाथ भट्टराईको संयोजकत्वमा प्रा.डा. ज्ञानबहादुर कार्की, प्रा.डा. विकास कुमार केसी र डा. मीन पुन रहने गरी व्यवस्थापन उप-समिति गठन गरिएको छ।

प्रा.डा. अक्कलदेव मिश्रको संयोजकत्वमा प्रा.डा. विकास कुमार केसी, र प्रा.डा. शोभाकान्त लामिछाने र डा. सरोज कोइराला रहेको अनुसन्धान अनुदान छनौट उप-समितिको गठन गरिएको छ। त्यसैगरी प्रा.डा. विष्णुप्रसाद पौडेलको संयोजकत्वमा प्रकाशन उप-समिति गठन गरिएको सो उप-समितिमा प्रा.डा. ज्ञानबहादुर कार्की र डा. मीन पुन रहनुभएको छ।

पियर रिभ्युड जर्नल प्रकाशनका लागि एक सम्पादक मण्डल गठन गरिएको छ। सो मण्डलमा प्रा.डा. विकासकुमार केसी प्रधान सम्पादक रहनुभएको छ भने डा. मीन पुन कार्यकारी सम्पादक चयन गरिएको छ। यस मण्डलको सदस्यहरुमा प्राध्यापक हिमराज गिरी, डा. उमानाथ बराल, डा. नवराज न्यौपाने र डा. रामजीवन यादव रहनुभएको छ।

# सरसफाई अभियानमा एक्यबद्धता

त्रि.वि.- पृ.ना.क्या., भदौ २ - पृथ्वीनारायण क्याम्पस, पोखराले आज "पोखरा उपत्यका सरसफाई अभियान"मा एक्यबद्धताका लागि सरसफाईमा सहभागी भयो।

हिमागृह चोक, बसुन्धरा पार्क, पोखराबाट सुरु भएको उक्त अभियान बसुन्धरा पार्कको छेउछाउका फोहरहरु हटाएको थियो। आयोजित सरसफाई अभियानमा पृथ्वीनारायण क्याम्पसका प्राध्यापक कर्मचारी र विद्यार्थीलगायत विभिन्न संघसंस्थाहरुको समेत सहभागिता रहेको थियो।

सो अभियानमा पृथ्वीनारायण क्याम्पसका पीएनसी अलम्नाईका पदाधिकारीहरूका साथै पूर्व विद्यार्थीहरूको समेत उपस्थिति रहेको थियो।

उक्त दिनको सरसफाई कार्यक्रम अभियानको १६१औं संस्करण थियो र हरेक शनिवार यो कार्यक्रम पोखरा उपत्यकाको फरक फरक स्थानमा आयोजना गरी सचेतना फैलाउने कुरा अभियन्ताहरुले भन्नुभयो।

# Delegation of Hefei University (China) Visits Prithvi Narayan Campus for International Exchange & Cooperation

TU-PNC, 13 May 2018 – Prithvi Narayan Campus of Tribhuvan University, Nepal and Hefei University, China have shown their interest to extending friendly relations between their institutions, the campus source said.

At a program organized to hand over the agreement paper for academic exchange and international cooperation today, the Campus Chief Prof. Dr. Chandra Bahadur Thapa handed over a letter of appreciation for visiting the campus to the delegates from Hefei University, China.

The campus source informed that Prithvi Narayan Campus of Tribhuvan University, Nepal and Hefei University, China will foster international exchange and academic cooperation in the development of mutually beneficial exchange programs such as enhancing the educational, cultural and scientific development of institutions of both countries. It is learnt that exchange programs will be effective after signing of the agreement by the authorities of respective institutions.

Speaking during the formal handover ceremony between two institutions, Prof. Dr. Thapa said that this agreement will help develop friendly relations between two institutions. "Both institutions have agreed that in support of our mutual interests in the field of education and research, and in accordance with terms and conditions agreed upon in the agreement".

Wishing to extend a cordial relation between Prithvi Narayan Campus of Tribhuvan University, Nepal and Hefei University, China, Associate Professor Dr. Zhang said that the institutions will mutually recognize their strengths in research and education, and their mutual interest in engaging in academic cooperation. During his presentation, he also explained the academic strengths of Hefei University, China.

Giving a presentation about the admission and scholarships policy of Hefei University, China, Deputy Section Chief Pan Hong of the Department of International Exchange & Cooperation of Hefei University said that this friendship will develop collaboration and provide opportunities for two institutions to work together for mutual benefit.

On behalf of Prithvi Narayan Campus, Associate Professor Dr. Uma Nath Baral gave a short presentation about the campus, introducing its academic strengths, infrastructure and other facilities available in the campus. He said that higher educational institutions should open its doors to the academic communities around the world so that the students and faculty members can learn and share the knowledge with the international scholars.

The purpose of this agreement is to facilitate advancement of knowledge and to share cultures, Associate Professor of English and QAA/Reform Unit Coordinator Dr. Min Pun who moderated the agreement said. "Prithvi Narayan Campus will continue working with other universities across the world in order to internationalize higher education in our institution" he further said.

Delegates from Hefei University, China were in the campus at the invitation of Prithvi Narayan Campus. The delegation comprised of Deputy Director & Associate Professor Dr. Zhang Hui of Department of Chemical & Materials Engineering, Deputy Section Chief Pan Hong of Department of International Exchange & Cooperation, and Director of International Student Project Zhang Heng of Department of Chinese Language & Literature, Hefei University, China.

According to the campus source, the delegates from Hefei University, China visited the campus to extend relations between two universities. Their trip to Nepal was facilitated by Dr. Kisan Koirala, a Faculty at the Department of Chemistry, Prithvi Narayan Campus, Nepal.

The agreement paper handover ceremony was attended by the members of the Campus Executive Committee Prof. Dr. Shovakant Lamichhane and Dr. Uma Nath Baral, Assistant Campus Chiefs Upendra Paudel, Basanta Parajuli, Dr. Bir Bahadur Karki, Hom Nath Poudel, administrative heads Prem Lal Baral, Chiranjeevi Thapaliya, and Kishor Subedi, and delegates from Hefei University, China Associate Professor Dr. Zhang Hui, Deputy Section Chief Pan Hong and Director of International Student Project Zhang Heng. Present at the ceremony were also the teaching and non-teaching staff of Prithvi Narayan Campus.

The ceremony was chaired by Campus Chief Prof. Dr. Chandra Bahadur Thapa and hosted by Coordinator of QAA/ Reform Unit and Associate Professor Dr. Min Pun.

# अनुसन्धान विकास कार्यक्रमको कार्यविधि-२०७४/७५ पारित

त्रि.वि. – पृ.ना.क्या., बैसाख २६ –पृथ्वीनारायण क्याम्पसअन्तर्गत रहेको अनुसन्धान समितिले शैक्षिक वर्ष २०७४/७५ का लागि बनेको अनुसन्धानसम्बन्धी गतिविधिलाई निरन्तरता दिने उद्देश्यले "अनुसन्धान विकास कार्यक्रमको कार्यविधि" लाई हालै कार्यान्वयनमा ल्याएको छ ।

कार्यविधिमा उल्लेख गरिए अनुसार यस आर्थिक वर्षमा शिक्षकका लागि १५ वटा लघु अनुसन्धान अनुदान, विद्यार्थीका लागि २० थेसिस र प्रोजेक्ट रिपोर्ट लेखन अनुदान र पियर रिभ्युड जर्नल प्रकाशन लगायतका गतिविधिहरु रहेका छन् । त्यसरी नै अनुसन्धान समितिले यस शैक्षिक वर्षका लागि सेमिनार गोष्ठी तथा कार्यशालाको आयोजना समेत गर्ने छ ।

अनुसन्धान समिति सूत्रका अनुसार पूर्णकालीन शिक्षकका लागि दिइने १५ वटा लघु अनुसन्धान अनुदानमध्ये ५ वटा अनुसन्धान अनुदान विद्यावारिधि गरेका शिक्षकहरुलाई दिइनेछ । यस प्रकारको अनुदानका लागि समुहमा अनुसन्धान गर्नुपर्ने हुन्छ र आंशिक शिक्षकहरुलाई समेत संलग्न गर्न सकिने छ ।

विद्यार्थीका लागि दिइने २० थेसिस र प्रोजेक्ट रिपोर्ट लेखन अनुदान थेसिस र प्रोजेक्ट रिपोर्ट तयार गर्न सम्बन्धित विभागबाट प्रस्ताव पास गरेका स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थीहरुलाई प्रतिस्प्रर्धा गराई छनौट गरी प्रदान गरिनेछ ।

अनुदान पाउने शिक्षक तथा विद्यार्थीहरुले अनुदान सम्झौता भएको ६ महिनाभित्र अनुसन्धान सम्पन्न गरिसक्नुपर्ने छ ।

कार्यविधिमा उल्लेख गरिए अनुसार पियर रिभ्युड जर्नल प्रकाशनका लागि आवश्यक पर्ने अनुसन्धानात्मक लेखहरु देश विदेशका लेखकका लागि खुला गरिएको छ । यसका लागि प्राप्त लेखहरुलाई २ वटा ब्लाइन्ड रिभ्यू गराई मेरिटलिष्ट तयार गरी एक पटकको प्रकाशनमा १० वटा लेखहरुमात्र छनौट गरिनेछ ।

पारित भएको "अनुसन्धान विकास कार्यक्रमको कार्यविधि-२०७४/७५" लाई जानकारीका लागि विश्वविद्यालय अनुदान आयोग, भक्तपुरमा पनि पठाई सकिएको छ ।

# 108th International Women's Day Marked with an Inauguration of Women-Friendly Restroom

TU-PNC, 9 March 2018 – On the occasion of International Women's Day 2018, the Women-Friendly Restroom Construction Consumer Committee and Safalta Nepal jointly organized a 2-day workshop on "Reproductive Health and Hygiene" in Prithvi Narayan Campus on 7-8 March 2018.

The workshop was inaugurated by honourable Speaker Netra Nath Adhikari of the Assembly of Province No. 4 and attended by teaching and non-teaching staff, and students of Prithvi Narayan Campus.

As International Women's Day is celebrated in many countries across the world, it is a day when women are recognized for their achievements irrespective of divisions whether they are national, linguistic, cultural, economic or political. According to the source, the main theme of the workshop was to live healthy and happy apart from receiving education in various fields.

In the workshop, there were 4 resource persons who came from different health sectors. They were Ram Sharan Shedhain, Keshab Raj Adhikari, Roshan Adhikari and Kabita Paudel who spoke on various topics related to health and hygiene.

Shedhain gave his presentation on HIV-AIDS and Keshab Adhikari and Roshan Adhikari on reproductive health focusing on safe-motherhood, abortion and lactation.

Similarly, Nursing Officer Kabita Paudel spoke on the most important issue for university girls –menstruation management and hygiene. She made to realize the gap of sharing between parents and children, teachers and students on menstrual management and hygiene. She reiterated on the role of awareness, sharing and questioning on the blind assumptions with which their guardians create certain boundaries so that they can keep themselves healthy.

At the same program, Durga Adhikari, the president of both Safalta Nepal and Radio Safalta reminded of the slogan of 108th International Women's Day and highlighted the role of media in informing the public about what is happening with women in the world, particularly in the construction of public belief and attitudes and its relationship to social change. She said that the media is not only for entertainment but, if used properly, it is also for getting knowledge, adopting safety, improving attitude and health, and making life convenient.

The members of the Women-Friendly Restroom Construction Consumer Committee Krishna Upadhyay, Shanti Bhushal, and Radha Devi Sharma also spoke on the issues related to women such as the need of the women-friendly restroom. They emphasized that the campus administration should provide the best management and sustainability of the restroom so that the campus can prove itself as a model for other public institutions.

The workshop was concluded with the inauguration of the women-friendly restroom by handing over the keys of the restroom to Campus Chief Prof. Dr. Chandra Bahadur Thapa. Speaking at the ceremony, Campus Chief Thapa assured the organizers that he would take care of the newly constructed women-friendly restroom that was constructed within the premises of the campus.

## Prithvi Academic Journal Published

TU-PNC, 15 May 2018 – The Research Committee of Prithvi Narayan Campus has published its research journal entitled "Prithvi Academic Journal" on 15 May 2018. It is the first issue of the journal that goes online and appears in print as well.

According to the source, the journal is a peer-reviewed, open access international journal that covers the areas and disciplines of humanities, social sciences, management, education, law and sciences.

Speaking to the reporter, Dr. Min Pun, the executive editor of the journal said that each issue of the journal publishes a maximum of 10 articles. "All submissions will be evaluated and selected as per the reports obtained from the blind reviewers. However, the decision of the editorial board will be final," he further said.

This issue includes the articles by Hari Prasad Pathak of Prithvi Narayan Campus, Purna Bahadur Khand of Pokhara University, Arati Timilsina and Sujeeta Baniya of Purbanchal University, Dr. Prakash Upadhyay of Prithvi Narayan Campus, Pitambar Poudel, Vijay Aryal, Bhawana Regmi and Nagendra Bhandari of Prithvi Narayan Campus. the journal also includes an article by Todd Wallenius of USA.

It is learnt that both national and international researchers and scholars can publish their articles in the journal but they have to pass through the review process.

## लायन्स क्लबद्वारा वृक्षारोपण

त्रिवि-पृ.ना.क्या., साउन ३० - लायन्स क्लब अफ् पोखरा भृकुटीको आयोजनामा पृथ्वीनारायण क्याम्पस, पोखराको हाताभित्र आज एक समारोहका बीच वृक्षारोपणको कार्यक्रम सम्पन्न गरिएको छ ।

लायन खीमा गुरुङ्गको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा निमित्त क्याम्पस प्रमुख नन्दलाल अधिकारी लाई लायन गुरुङ्गले वृक्षको विरुवा हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरिएको थियो ।

वृक्षारोपणको कार्यक्रममा १०० वटा अशोकाको विरुवा रोपिएको थियो ।

यसैबीच पृथ्वीनारायण क्याम्पस र लायन्स क्लब अफ् पोखरा भृकुटीका बीच आगामी दिनमा सहकार्य गर्नेबारे मा एक सम्झौता पत्रमा दुबै संस्थाका प्रतिनिधिहरुबाट हस्ताक्षरसमेत गरिएको थियो ।

## वीवीए कार्यक्रमको विद्यार्थी फुटबल टीम दोस्रो स्थानमा

त्रिवि-पृ.ना.क्या., असार ३० - पृथ्वीनारायण क्याम्पसअन्तर्गत वीवीए कार्यक्रमका विद्यार्थीहरुको प्रतिनिधित्व गर्नै गरी एक फुटबल टीम "TU BBA Football Cup-2018"मा सहभागी जनाएको थियो ।

प्रतियोगितामा क्याम्पसको टीम दोस्रो स्थानको पुरस्कार प्राप्त गर्न सफल भएको थियो । र प्रतियो गितामा देशभरिका वीवीए कार्यक्रम सञ्चालन भएका कलेजहरुको सहभागिता रहेको थियो ।

प्रतियोगिताको आयोजना काठमाण्डौंमा अवस्थित के एण्ड के इन्टरनेशनल कलेजले गरेको थियो ।

स्मरण रहोस् यस क्याम्पसका वीवीए कार्यक्रमले गत पुसमा "Grand Inter-Faculty Sports Meet 2074"को आयोजना गरेको थियो । सो Sports Meet पुस २ गतेदेखि ७ गतेसम्म चलेको थियो भने विविध खेलहरु समावेश गरिएको थियो । जसमध्ये 7A साइड फुटबल, क्रिकेट, भलिबल, दौडलगायतका थिए ।

# Research Committee Allocates Student Support Grants

TU-PNC, 20 April 2018 – The Research Committee of Prithvi Narayan Campus has awarded the student support grants to the students who have applied for the grants 2018. This year 16 students of Bachelor and Master level have received such support grants.

With reference to the call for applications for "Thesis/Project Report Support Grants – 2018" published on 21 March 2018, the meeting of the research committee held on 20 April 2018 has, as per the recommendations made by the student support grants selection committee, endorsed 16 students for such awards to start their thesis/project report writing on the topics as mentioned in their applications.

The student support grants received for this year in the thesis writing category are as follows: Subash Poudel of MBS, Dhan Kumari Gharti Magar of MA English, Mejume Gurung of BALLB, Ajit Keshari of BALLB, Pradeep Adhikari of BALLB, Binu Rana of MBS, Sabin Kumar Thing Tamang of BALLB, Tirtha Kumari Thapa of MA Anthropology, and Srijana Baral of MA Anthropology.

The student support grants received for this year in the project report writing category are as follows: Bhawana Baral (Anuradha KC, Asmita Karki, Niru Thapa, and Deepa Ranabhat as group researchers), Menuka Rana (Nishan Tilija Pun, Krishna B.K., Ram Chandra Adhikari, and Akash Budha Magar as group researchers), Anish Bugai (Sangita Paudel, Anup Adhikari, Ashmita Jamarkattel and Basanta Sapkota as group researchers), Sushma Baral, Barsha Parajuli, Chin Maya Pun and Anita Acharya. The grantees in the project writing category are from the B.Sc. program.

The research committee invites applications from eligible Bachelor and Master's students who have opted for thesis writing or project work for "Thesis/Project Report Support Grants" each year. A total of 20 such grants were made available: 2 for Bachelor's students and 2 for Master's students from each Faculty/Institute.

## Self-Study Report (SSR) Submitted to the UGC

TU-PNC, 14 June 2018 – Prithvi Narayan Campus has recently submitted its Self-Study Report (SSR) to the University Grants Commission (UGC), Nepal for the Quality Assurance and Accreditation (QAA) process. The SSR was submitted by Campus Chief and Chairperson of Internal Quality Assurance and Accreditation Committee (IQAAC) of Prithvi Narayan Campus Prof. Dr. Chandra Bahadur Thapa and Coordinator of QAA/Reform Unit of Prithvi Narayan Campus Dr. Min Pun.

According to Dr. Pun, the SSR is the second step process towards the award of higher education quality certificate by the UGC to the higher education institutions in Nepal which meet the requirements for the quality certificate award. "The QAA/ Reform Unit is working hard to reform the campus in order to get awarded the quality certificate from the UGC. I think, the campus has made a tremendous progress so far as it started the QAA process", he further said.

Responding to the reporter, Campus Chief Thapa said that the campus would do anything to reform the campus and provide quality education to its students. He further claimed that the campus has given first priority to maintain the quality education so that the campus would prepare its students to meet the challenges of the 21st century.

As per the provision of the UGC, a team of experts (pre-visit team) assigned by the UGC will visit the campus to confirm the next step of the QAA process, which is done prior to the Peer Review Team (PRT)'s verification and evaluation process of the applicant institution. The PRT will evaluate the campus and verify the data provided in the SSR.

According to the UGC source, the campus will be awarded the quality certificate within 6 to 8 months of the submission of the SSR to the UGC if the campus meets all requirements that are needed for award.

## केन्द्रिय सरकारले उच्च शिक्षामा लगानी कम गरेको छ : प्रा.डा. विद्यानाथ कोईराला

त्रि.वि.- पृ.ना.क्या., साउन ८ - पृथ्वीनारायण क्याम्पस राजनीतिशास्त्र विभागको आयोजनामा आज मिति २०७५ श्रावण ८ गते "उच्च शिक्षामा सेमेष्टर प्रणाली: चुनौती र समाधान" विषयक छलफल कार्यक्रम क्याम्पसको विज्ञान भवनको सभाकक्षमा सम्पन्न भयो ।

विभागीय प्रमुख डा. उमानाथ बरालको अध्यक्षतामा भएको उक्त कार्यक्रममा डा. बरालले क्याम्पसको स्नातकोत्तर तहको सेमेष्टर प्रणालीमा देखा परेका समया र चुनौतीहरुको उल्लेख गर्नुभएको थियो ।

कार्यक्रममा आमन्त्रित प्रमुख वक्ता प्रा.डा. विद्यानाथ कोईरालाले कार्यपत्र प्रस्तुत गर्दै केन्द्रिय सरकारले उच्च शिक्षामा लगानी कम गरेको छ । त्यसकारण क्याम्पसले आवश्यक भौतिक स्रोत साधनको लागि प्रदेश तथा स्थानीय सरकारको सहयोग लिनुपर्ने धारणा राख्नु भयो ।

त्यस्तै अबको अध्ययन भनेको सिर्जनात्मक र अनुसन्धानात्मक हुनुपर्छ, डा. कोइरालाले भन्नुभयो । यसका लागि विद्यार्थीमा पुराना पाठ्यपुस्तक र अध्यापन शैलीमा निर्भर नभै नयाँ विधि र खोज तर्फ लाग्नुपर्ने कुरा उल्लेख गर्नुभयो । शिक्षक भने को केवल सहजकर्ता मात्र हो, मार्ग देखाउने मात्र हो, विद्यार्थी आफै हिड्ने हो र आफै सबै तयारी गर्ने हो, यसका लागि विद्यार्थीमा प्रभाव र त्यसका कारणहरुबारे चिन्तन गर्ने रचनात्मक र स्वावलम्वन जीवनशैली आवश्यक पर्दछ भन्दै यसप्रकारका विधि प्रयोगबाट मात्र सेमेष्टर प्रणाली सफल हुने कुरा बताउनु भयो ।

उक्त कार्यक्रममा अतिथिको आसनबाट बोल्दै क्याम्पस प्रमुख प्रा. डा. चन्द्रबहादुर थापाले क्याम्पस प्रशासन, प्राध्यापक र विद्यार्थीको संयुक्त प्रयासबाट मात्र सेमेष्टर प्रणाली सफल हुने भन्दै क्याम्पसले आफ्नो क्षमताअनुसार स्रोतसाधन उपलब्ध गराउँदै जाने कुरा राख्नुभयो ।

राजनीतिशास्त्र विभागका कार्यक्रम संयोजक उपप्रा. गिरधारी सुवेदीले संचालन गर्नुभएको उक्त कार्यक्रममा सहायक क्याम्पस प्रमुख उपेन्द्र पौडेल, नन्दलाल अधिकारी, विभागीय प्रमुखहरु प्रा.डा. विश्वकल्याण पराजुली, प्रा. डा. लेखनाथ भट्टराई, डा. त्रिभुवन बराल, डा. बिजय अर्याल तथा डा. प्रकाश उपाध्याय, डा. गिरधारी दाहाल, सह-प्रा. ठानबहादुर क्षेत्री लगायत राजनीतिशास्त्र विभाग र अन्य विभागका प्राध्यापकहरुको सहभागी थियो ।

त्यसैगरी उक्त कार्यक्रममा राजनीतिशास्त्र र जनसंख्या विभागका विद्यार्थीहरुको समेत सक्रिय सहभागिता रहेको थियो ।

विशेष अन्तर्वार्ता

# शैक्षिक गुणस्तर सुनिश्चितता राष्ट्रको आवश्यकता हो र यसको जिम्मेवारी राज्य, उच्च शिक्षा प्रदायक संस्थाहरु र विश्वविद्यालय अनुदान आयोग सबैले लिनु पर्दछ ।

**– प्रा.डा. देवराज अधिकारी, सदस्य सचिव, विश्वविद्यालय अनुदान आयोग**



**प्रा.डा. देवराज अधिकारीले विगत ३५ वर्ष सम्म त्रिभुवन विश्वविद्यालयमा प्राध्यापक र विभिन्न प्राज्ञिक प्रशासनको नेतृत्व तहमा रहेर कार्य गर्नु भएको छ । विशेष गरी त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन संकायको डीनका रुपमा कार्यरत रहँदा वहाँले गर्नु भएको नेतृत्वदायी भूमिकाको सर्वत्र प्रशंसा गरिएको छ । हाल वहाँ विश्वविद्यालय अनुदान आयोगको सदस्य सचिवका रुपमा कार्यरत हुनुहुन्छ ।**

**प्रा.डा. अधिकारी एक मिलनसार प्राध्यापक हुनुका साथै प्राज्ञिक र प्रशासनिक दुबै क्षेत्रमा दक्षता भएका व्यक्तित्वका रुपमा परिचित हुनुहुन्छ । बुलेटिनका सम्बाददातासंग भएको कुराकानी तल प्रस्तुत गरिएको छ -**

**बुलेटिन: नेपालको उच्च शिक्षाको क्षेत्रमा तपाईको लामो संलग्नताले यस क्षेत्रमा के योगदान दिएजस्तो लाग्छ ?**

**प्रा.डा. अधिकारी:** त्रिभुवन विश्वविद्यालयको विभिन्न जिम्मेवारीमा रहँदा तत्-तत् क्षेत्रमा केही गरौं भन्ने इच्छा रहयो । विश्वविद्यालय अनुदान आयोगको दुई बर्षे कार्य अनुभवमा हाम्रा विश्वविद्यालयहरुको शैक्षिक गुणस्तर र सुशासन सम्बन्धिका गतिविधिहरु बुझ्ने मौका पाइयो । विश्वविद्यालयमा काम गर्दा के योगदान गरें भन्दा पनि विश्वविद्यालयले मलाई एउटा ठूलो प्ल्याटफर्म दियो जहाँ रहेर आफ्नो जिम्मेवारी निर्वाह गर्ने मौका पाएँ । फेरि मैले व्यक्तिगत भन्दा पनि समुहमा विश्वास गर्ने भएकोले हरेक व्यक्तिलाई जिम्मेवारीका लागि स्वामित्व लिन अनुरोध गर्दै आएको छु । सबैबाट सहयोग पाएको छु र भविष्यमा पनि सबै बाट सहयोग, सद्भावको अपेक्षा गरेको छु ।

**बुलेटिन: विशेषत: नेपालको उच्च शिक्षाको समग्र सुधार तथा विकासका लागि नेपाल सरकारको एक संयन्त्रका रुपमा कार्यरत रहेको विश्वविद्यालय अनुदान आयोगको सदस्य सचिवका हैसियतले यहाँको भूमिकाबारे थप प्रकाश पारिदिनु होला ।**

**प्रा.डा. अधिकारी:** यो छोटो अवधिको अनुभव एउटा सहयोगी प्रशासकका रुपमा रहेको छ । न्यून संख्यामा कर्मचारी रहेको यो संस्थाको सकारात्मक प्रभाव बृहत् रहेको पाएको छु । यहाँ हुने हरेक निर्णयले देशको उच्च शिक्षाको प्रवर्द्धन, गुणस्तर, सुशासन र पहुँचमा प्रभाव पारि रहेको छ । मैले आफ्नो भूमिकालाई यसैको सेरोफेरोमा खोजी रहेको छु र सोही अनुसार भूमिका निर्बाह गर्नेछु ।

**बुलेटिन: नेपालका उच्च शिक्षा प्रदान गर्ने संस्थाहरु जस्तै विश्वविद्यालयहरु र तिनअन्तर्गत सञ्चालनमा रहेका क्याम्पस/कलेजहरुबारे प्रश्न गर्न चाहें । सन् १९९० को दशकपछि संसारका धैरैजसो देशहरुमा उच्च शिक्षामा गुणस्तरीयताको मापन तथा सुनिश्चितताबारे बहस चलेको पाइन्छ । यही सन्दर्भमा, नेपालमा पनि यो बहसले छोयो र नेपालको राजनैतिक परिवर्तनसंगै सन् १९९३ मा तत्कालीन नेपाल सरकारले विश्वविद्यालय अनुदान आयोगको गठन गरी उच्च शिक्षामा गुणस्तर मापन र सुधारका प्रयास भएका छन् तापनि उच्च शैक्षिक संस्थाहरु सुस्ताएको देख्यौं र अनेक बेथिति पनि निम्त्याएको देख्यौं । तर पछिल्लो केही समय यता आयोगको भूमिकामा केही तदारुकता आएका छन् जसले गर्दा अहिले नेपालका उच्च शैक्षिक संस्थाहरु पनि झस्किएको देखेका छौं । अब सरले भनिदिनुस् उच्च शिक्षामा गुणस्तरीयताको मापन र सुनिश्चितता गर्ने/गराउने संयन्त्रका रुपमा आयोग भएकाले नेपालका उच्च शैक्षिक संस्थाहरुलाई थप क्रियाशील बनाउनका लागि आयोगको के योजना छ ?**

**प्रा.डा. अधिकारी:** करिव ६० वर्षको नेपालको विश्वविद्यालयको इतिहास खासै पुरानो होइन । हाल सम्म विश्वविद्यालयहरुको संख्या ११ पुगेका छन् । केही विश्वविद्यालयहरु विशिष्टीकृत स्वरुपका छन् भने अरु विश्वविद्यालयहरु बहुविधायिकमा आधारित विषय संचालन गर्दै आएका छन् । करिब ३ लाख ६० हजार विद्यार्थीहरु विभिन्न विश्वविद्यालयमा अध्ययनरत छन् । मनाङ जिल्ला बाहेकका जिल्लामा क्याम्पस/कलेज खुलेका छन् अर्थात् सामान्यत: पहुँचका हिसाबले हामीले धेरै फड्को मारेका छौ ।

**यो आर्थिक वर्ष २०७५/०७६ लाई "उच्च शिक्षामा गुणस्तर सुनिश्चितता" भन्ने नारालाई आयोगले अगाडि सारेको छ ।**

तपाईले सोधे जस्तै अबको हाम्रो चुनौती भने को उच्च शिक्षामा गुणस्तर सुनिश्चितता नै हो । हाम्रा विश्वविद्यालयका केही शैक्षिक संस्थाहरुले गुणस्तरका लागि प्रयास नगरेका होइनन् तर त्यो पर्याप्त भएन । आजका दिनमा पनि हाम्रा विश्वविद्यालयहरुबाट स्नातकोत्तर गरे का विद्यार्थी युरोपेली र अमेरिकी विश्वविद्यालयमा पुन: स्नातकोत्तर गर्न बाध्य हुन्छन् । यसबाट के बुझिन्छ भने हाम्रा विश्वविद्यालयलाई ती विदेशी विश्वविद्यालयले कसरी लिएका छन् । अन्तर्राष्ट्रिय रेटिङका आधारमा हेर्ने हो भने हामी करिब ५००० भन्दा माथि उक्लिन सकेका छैनौं । विश्वविद्यालय अनुदान आयोगको चिन्ता र चासोको विषय यही नै हो ।

सन् २००९ मा प्रारम्भ भएको गुणस्तरको अभियान आजसम्म आइपुग्दा जम्मा २१ उच्च शैक्षिक संस्थाहरुले मात्र गुणस्तर प्रमाणपत्र प्राप्त गरेका छन् । अर्थात् १.४ प्रतिशत क्याम्पसहरुमात्र गुणस्तर प्रामाणित छन् । यस परिस्थितिमा अनुदान आयोगले धेरैभन्दा धेरै क्याम्पसहरुको गुणस्तर सुनिश्चितता गर्न यसका मापकहरुमा समेत परि मार्जन गर्न थालेको छ। यसको अतिरिक्त आयोगले शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन नियमावली लागू गरिसकेको छ। यो आर्थिक वर्ष २०७५/०७६ लाई "उच्च शिक्षामा गुणस्तर सुनिश्चितता" भन्ने नारालाई आयोगले अगाडि सारेको छ ।

**बुलेटिन: गत मंसिरमा विश्वविद्यालय अनुदान आयोगको निर्णयानुसार नेपालमा भएका उच्च शिक्षा प्रदान गर्ने सम्पूर्ण संस्थाहरु अबको पाँच वर्षभित्र QAA प्रक्रियामा गई नेपालको उच्च शिक्षामा गुणस्तरीयता ल्याउनुपर्ने सूचना जारी गरिएको थियो । यसले छोटो समय मै देशभरि कै संस्थाहरुमा हलचल नै ल्याएको छ । विश्वविद्यालय अनुदान आयोगको यो कदमले यी संस्थाहरुमा सकारात्मक प्रभाव पार्न सक्ने अवस्थाबारे तपाई कत्तिको विश्वस्त हुनुहुन्छ ?**

**प्रा.डा. अधिकारीः** गुणस्तर सुनिश्चितताका सम्बन्धमा उच्च शैक्षिक संस्थाहरु निक्कै पछाडि देखिएका र कति यस्ता संस्थाहरुले विगतमा यसबारे मा हल्का टिप्पणी गरेको पनि सुनिन्छ । विश्वविद्यालय अनुदान आयोगको ऐनमा नै आयोगलाई गुणस्तर कायम गर्ने पूर्ण अधिकार समेत दिएको छ । यस अर्थमा अबको ५ वर्ष भित्र गुणस्तरको चक्रभित्र पस्न सबै आंगिक, सामुदायिक र निजी क्याम्पस/कलेजलाई अनिवार्य गरिएको छ । गुणस्तर कायम गर्नु पर्दछ भन्ने सबै सरोकारवालाहरुको इच्छा जागेको हामीलाई अनुभव भएको छ । फेरि गुणस्तरको प्रमाणपत्र प्राप्त गर्न तोकेको मापदण्ड पूरा गराउन आयोगले सबै उच्च शिक्षा प्रदायक संस्थाहरुलाई आव्हान मात्र होइन, सहयोगीको भूमिका समेत निर्वाह गरेको छ । हामीलाई पूरा विश्वास छ कि यी उच्च शैक्षिक संस्थाहरुले गुणस्तर सुनिश्चितताका लागि भरमग्दुर प्रयास गर्नेछन् ।

**बुलेटिनः नेपालका उच्च शैक्षिक संस्थाहरुलाई QAA प्रक्रियामा जान र आफूलाई अब्बल शैक्षिक संस्थाका रुपमा उभ्याउन विश्वविद्यालय अनुदान आयोगले के गर्नु पर्ला ?**

**प्रा.डा. अधिकारीः** शैक्षिक गुणस्तर सुनिश्चितता राष्ट्रको आवश्यकता हो र यसको जिम्मेवारी राज्य, उच्च शिक्षा प्रदायक संस्थाहरु र विश्वविद्यालय अनुदान आयोग सबैले लिनु पर्दछ । आयोगले सबै संस्थाहरुलाई यस अभियानमा समावेश हुन आव्हान गरेको छ । यस आव्हानलाई सबै ले बुझेर गुणस्तर सुनिश्चितताका लागि तयारी गर्नु पर्ने हुन्छ । अनुदान आयोगले गुणस्तरलाई प्रामाणित गर्ने हो तर यसको सुनिश्चितता सम्बन्धि कार्य संस्थाले नै गर्नु पर्दछ । प्रामाणिक शैक्षिक संस्थाहरु आफैमा अब्बल हुने हामीले ठानेका छौं । स्वायत्त रुपबाट कार्यक्रम चलाउन, सामुदायिक र निजी क्याम्पसहरुले नयाँ शैक्षिक कार्यक्रमका लागि सम्बन्धन लिन प्रामाणिक संस्थाहरु आफै सक्षम हुनेछन् ।

**बुलेटिनः अनुसन्धान चाहे त्यो डिग्रीका लागि होस् या अन्य कुनै प्रयोजनका लागि होस् इमान्दारितामा थुप्रै प्रश्नहरु उठिरहेका छन् जसले प्राज्ञिक उन्नयनमा केही योगदान रहदैन । त्यसरी नै अनुसन्धानलाई व्यावहारिकका साथै जीवनपयोगी (जसले देशको समग्र विकासका लागि मद्दत गरोस्) नबनाएसम्म अनुसन्धानका लागि गरिने खर्च बालुवामा पानी खन्याएसरह नै भैहाल्यो । तपाईले भनिदिनुस् चाहे त्यो विश्वविद्यालय अनुदान आयोगद्वारा डिग्री या अन्य प्रयोजनका लागि गराइने अनुसन्धान तथा जर्नल प्रकाशन होस् या नेपालका उच्च शैक्षिक संस्थाहरुद्वारा डिग्री या अन्य प्रयोजनका लागि गराइने अनुसन्धान तथा जर्नल प्रकाशन होस् माथि भनिएजस्तै सबैखाले अनुसन्धान कार्यमा इमान्दारिता र व्यावहारिकता ल्याउन विश्वविद्यालय अनुदान आयोगले के के गरेको छ र के के गर्ने छ ?**

**प्रा.डा. अधिकारीः** यो विषयमा सबैलाई एउटै डोकोमा राखेर हेर्न नमिल्ला । केही छिटपुट डिग्री र अनुसन्धानका बारेमा समय-समयमा प्रश्न उठे का छन् । तर यसमा अहिले प्राज्ञहरु धेरै सजग हुनु भएको हामीले पाएका छौं । अनुसन्धान तथा कृतिहरुले प्राज्ञहरुलाई समाजसंग जोड्नु पर्ने हुनाले यसै हिसावबाट यस्को गुणस्तर कायम गर्न आवश्यक छ । अनुसन्धान मूलतः विज्ञान-प्रविधि, सामाजिक, आर्थिक, धार्मिक, इतिहास आदिका विषयवस्तु र समस्यामा आधारित भई गरिएका छन् । त्यसको मूल्याङ्कन सबैतिर भएको छ । कमी कमजोरीहरु छन् तिनलाई अनुसन्धानकर्ताहरुले नै मनन् गर्नु पर्ने हुन्छ ।

विश्वविद्यालय अनुदान आयोगले अनुसन्धानमा राज्यबाट प्राप्त हुने कोषबाट ठूलो लगानी गरेको छ । यी अनुसन्धानको प्रतिफल लगानीको दृष्टिकोणबाट त्यति उपलब्धिमूलक देखिएको छैन । यस विषयमा धेरै कोणबाट प्रश्नहरु पनि बेला-बेलामा उठ्ने गरेको छ । अनुदान आयोगले यस किसिमका कमी कमजोरीलाई न्यून गर्ने ध्येयले अनुसन्धान सदाचार तयार पारेको छ । सबै विश्वविद्यालयहरुमा यसको चाँडै वितरण गरिने छ । विद्यावारिधि, एम-फिलको कार्यविधि तयार पारी विश्वविद्यालयहरुमा पठाई सकिएको छ । हाल बौद्धिक चोरीलाई नियन्त्रणका लागि आवश्यक सफ्टवेयर खरिद गर्ने प्रकृया चलिरहेको छ ।

**विश्वविद्यालय अनुदान आयोगको ऐनमा नै आयोगलाई गुणस्तर कायम गर्ने पूर्ण अधिकार समेत दिएको छ । यस अर्थमा अबको ५ वर्ष भित्र गुणस्तरको चक्रभित्र पस्न सबै आंगिक, सामुदायिक र निजी क्याम्पस/कलेजलाई अनिवार्य गरिएको छ ।**

**बुलेटिनः नेपालको समग्र विकासमा गुणस्तरीय उच्च शिक्षाको महत्वपूर्ण भूमिका रहने कुरामा कुनै विवाद रहेन । विश्वविद्यालय अनुदान आयोगको त झनै जिम्मेवारी रहन्छ । जसमध्ये एकातिर आयोगले अनुदानको समानुपातिक वितरण गर्नुपर्ने हुन्छ भने अर्कोतिर काठमाण्डौं उपत्यकाबाहिरका उच्च शिक्षण संस्थाहरु र तिनीहरुसंग संलग्न प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरुको पहुँच आयोगसम्म नपुग्न सक्छ । जस्तो कि विभिन्न शीर्षकहरुमा अनुसन्धानलगायतका वृतिहरुका लागि प्राध्यापक र विद्यार्थीहरुद्वारा गरिने आवेदनको संख्या काठमाण्डौं उपत्यका भित्रका शिक्षण संस्थाहरुको भन्दा उपत्यका बाहिरका उच्च शिक्षण संस्थाहरुको संख्या तुलनात्मक रुपले एकदमै न्यून रहेको तथ्य आयोग कै आँकडाले देखाउँछ । सर अब यसको केही समाधान त होलान् नि त ?**

**प्रा.डा. अधिकारीः** विश्वविद्यालय अनुदान आयोग एउटा पारदर्शी संस्था हो । यसका सबै सूचनाहरु राष्ट्रिय दैनिक र आयोगको आफ्नै वेबसाइटबाट सरोकारवाला सबैलाई सूचित गर्ने गरिन्छ । धेरै हिसावबाट शिक्षक विद्यार्थीको संख्या काठमाण्डौ उपत्यकामा रहेकाले यहाँका प्राध्यापक र विद्यार्थीको आयोगमा सहज पहुँच हुन्छ भन्नु सत्य हो । तर उपत्यका बाहिरबाट पनि अनुसन्धान, तालिम, सेमिनार तथा गोष्ठी सहभागिताका लागि इमेल मार्फत पनि आवेदन लिने गरिन्छ । तर दुःखको कुरा के छ भने धेरै प्राध्यापक, विद्यार्थी तथा संस्था प्रमुखले हाम्रो वेबसाइट पनि खोलेर के-के अवसर छन् हेर्नु भएको छैन ।

**बुलेटिनः माथि कै प्रश्नसंग जोडिएको अर्को प्रश्न गर्न चाहन्छु । संविधान सभाद्वारा प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासंगै राज्यको पुनः संरचनाको प्रक्रिया सुरु भएको छ । नेपालमा संघीय ढाँचा अनुसारको विश्वविद्यालयहरुको परिकल्पना कसरी हुन्छ ? तपाई यसबारे के भन्नुहुन्छ ?**

**प्रा.डा. अधिकारीः** मुलुक संघीय संरचनामा गइसके को छ । संविधानमा केन्द्रिय र प्रादेशिक विश्वविद्यालयको प्रावधान रहेको छ । हाल शिक्षा आयोग गठन भएको छ । यस आयोगले संघीय र प्रादेशिक विश्वविद्यालय सम्बन्धमा अवश्य पनि केही स्पष्ट अवधारणा ल्याउने छ । जहाँ सम्म हालका विश्वविद्यालयहरुको कुरा छ तिनीहरुको कुन किसिमबाट वर्गीकरण हुन्छ स्पष्ट भैसकेको छैन । सामान्यतः संघीय ढाँचाका विश्वविद्यालयहरु संघीय सरकारद्वारा संचालित हुन्छन् भने प्रादेशिक विश्वविद्यालयहरु प्रदेश सरकारबाट । तर अब खुल्ने विश्वविद्यालयहरु के कसरी खुल्ने तिनको वित्तिय व्यवस्थापन कसरी हुने भन्ने सम्बन्धमा विश्वविद्यालय अनुदान आयोगले एउटा खाका तयार गरेको छ । जसमा आवश्यक छलफल अझै बाँकी छ ।

**बुलेटिनः अन्तमा, नेपालको उच्च शैक्षिक संस्थाहरुलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने र समग्रमा गतिशील बनाउन विश्वविद्यालय अनुदान आयोगको भूमिकालाई अझ सशक्त बनाउन तपाईले के गर्नु हुन्छ ?**

**प्रा.डा. अधिकारीः** विश्वविद्यालय अनुदान आयोग एउटा स्वायत्त नियमनकारी संस्था हो । यसले सरकार र अन्य विभिन्न स्रोतबाट संकलित अनुदानलाई विभिन्न विश्वविद्यालयहरुमा वितरण गर्ने गर्दछ । यसका अतिरिक्त आयोगले नेपाल सरकारलाई उच्च शिक्षाका सम्बन्धमा आवश्यकता र निर्देशन अनुसार राय सल्लाह दिने कार्य गर्दै आएको छ । अनुसन्धान, तालिम, गुणस्तर सुनिश्चितता, सामुदायिक क्याम्पसहरुको विकास तथा विस्तार र अनुगमनका कार्यहरु यसका नियमित कार्यमा पर्दछन् ।

जहाँसम्म उच्च शिक्षालाई अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धात्मक बनाउने प्रश्न छ यसका लागि विश्वविद्यालयहरुलाई सबल बनाउनु पर्नेछ । यिनको सुशासन, श्रोतको परिचालन र गुणस्तर शिक्षामा ध्यान केन्द्रित बनाउनु पर्नेछ । समय सापेक्ष शैक्षिक कार्यक्रम र त्यसका लागि आवश्यक जनशक्तिको विकास गर्नु पर्ने हुन्छ । विज्ञान र प्रविधिको महत्वलाई बुझी अनुसन्धानमा केन्द्रित उच्च शिक्षाको विकास गर्नुपर्नेहुन्छ । विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरुलाई स्वावलम्वी र स्वायत्त बनाएर अगाडि बढ्न सके मात्र हाम्रा विश्वविद्यालयहरु प्रतिस्पर्धी हुनेछन् ।

यसका साथै अन्तर्राष्ट्रिय स्तरको पठनपाठन र अन्तर्राष्ट्रिय विद्यार्थीलाई नेपालमा उच्च शिक्षा लिन सक्ने वातावरण बनाउन जरुरी छ । यी सबै संभावनाका लागि विश्वविद्यालय अनुदान आयोगको वर्तमान भूमिका र संरचना पर्याप्त छैन । तत्सम्बन्धमा सम्बन्धित सबैबाट ध्यान पुऱ्याउन जरुरी छ ।

धन्यवाद् ।

# नेपाली लोकसाहित्य अन्तर्राष्ट्रिय सङ्गोष्ठी विविध कार्यक्रमसहित सुसम्पन्न

त्रिवि-पृ.ना.क्या., चैत्र ४ - नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखराको आयोजनामा मिति २०७४ चैत्र ३ र ४ गते गरी दुई दिनमा सञ्चालित "नेपाली लोकसाहित्य अन्तर्राष्ट्रिय सङ्गोष्ठी" सोही विभागका प्रा.डा. कुसुमाकर न्यौपानेको सयोजकत्वमा विविध कार्यक्रमसहित सुसम्पन्न भएको छ ।

चैत्र ३ गते बिहान सहभागी सबैलाई पोखराका धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा सामाजिक स्थलको अवलोकन गराइएको थियो । अवलोकन भ्रमणपछि सहभागी सबै लाई कार्यक्रमको उद्घाटनस्थल पृथ्वीनारायण क्याम्पसको मूल ढोकामा फूलमाला तथा बाजागाजाका साथ स्वागत गरिएको थियो । कतिपय सहभागीहरू नौमती बाजाका तालमा नाच्नुभएको थियो ।

पहिलो दिनको कार्यक्रममा १०.३० बजेबाट १ बजेसम्म उद्घाटन कार्यक्रम सञ्चालन भएको थियो । उद्घाटन सत्रको अध्यक्षता सोही विभागका अध्यक्ष सहप्राध्यापक कृष्णप्रसाद पौडेलले गर्नुभएको थियो भने प्रमुख अतिथिका रूपमा त्रिविका उपकुलपति प्रा.डा. तीर्थराज खनियाको उपस्थिति रहेको थियो ।

उद्घाटन सत्रमा विशिष्ट अतिथिका रूपमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरुभक्तको उपस्थिति रहेको थियो । यस्तै अतिथिका रूपमा प्रा.डा. चूडामणि बन्धु, कृषि तथा वन विश्वविद्यालयअन्तर्गत रहेको सेवा आयोगका अध्यक्ष प्रा.डा. रामनाथ ओझा, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुर्खेतको मानविकी र सामाजिक शास्त्र संकायका डीन प्राध्यापक खोपीराम लम्साल, त्रिविअन्तर्गत नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम, नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव प्रा.डा. जीवेन्द्रदेव गिरी, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज अमेरिका का वर्तमान अध्यक्ष पदम विश्वकर्मा, पूर्व अध्यक्ष ज्ञानेन्द्र गदाल, भुटानका प्रतिनिधि एच.बी. विश्व, बङ्गलादेशका प्रतिनिधि स्वेदा रुक्साना जमन सानु, भारतका प्रतिनिधि भूपेन्द्र अधिकारी र पृथ्वीनारायण क्याम्पसका क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापालगायतका व्यक्तित्वहरूको विशेष उपस्थिति रहेको थियो ।

उद्घाटन सत्रको सुरूवात गायिका तथा साहित्यकार हरिदेवी कोइरालाको स्वागत गीतबाट गरिएको थियो । लगतै प्रमुख अतिथि प्रा.डा. तीर्थ खनिया र विशिष्ट अतिथिले सयुक्त रुपमा पानसमा दीपप्रज्वलन गरेर कार्यक्रमको उद्घाटन गरिएको थियो ।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कार्यक्रम संयो जक प्रा.डा. कुसुमाकर न्यौपानेले कार्यक्रमको रूप रेखा प्रस्तुत गर्नुका साथै २०६८ सालमा आफ्नै संयो जकत्वमा नेपाली लोकसाहित्य राष्ट्रिय सङ्गोष्ठी गरिएको र त्यस संङ्गोष्ठीले सातौं वर्ष पार गर्दा प्रत्येक वर्ष एउटा सङ्गोष्ठी गरिएको र विभिन्न अध्येताहरू उत्पादन गर्नुका साथै गोष्ठीपत्रको संग्रह प्रकाशित गरेर योगदान पुर्‍याएको मा गर्व गर्नुभएको थियो ।

कार्यक्रमको सफलताको शुभकामनास्वरूप कुलपति सरुभक्तले आधुनिक साहित्यको जग लोकसाहित्य र लोकसाहित्य आदिम संस्कृतिको दस्तावेज हो भन्ने धारणा राख्दै यसको संरक्षण र विकासका निम्ति आफू लागि पर्ने प्रतिबद्धता जनाउनु भएको थियो ।

प्रमुख अतिथि उपकुलपति खनियाले कार्यक्रमको सफलताको शुभकामना दिँदै त्रिविअन्तर्गत छुट्टै लोकवार्ता विभाग गठन गर्नमा त्रिवि प्रशासनले पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो। नेपाली भाषालाई अझ स्तरीकरण गर्न आवश्यक रहेको विचार व्यक्त गर्नुभएको थियो।

शुभकामना मन्तव्य व्यक्त गर्ने वक्ताहरूमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका केन्द्रिय अध्यक्ष विश्वकर्मा र त्रिवि नेपाली केन्द्रीय विभागका अध्यक्ष प्रा.डा. गौतम हुनुहुन्थ्यो ।

२०७४ चैत्र ३ गतेका दिन पृथ्वीनारायण क्याम्पसमा र ४ गते नेपाल टुरिजम् एन्ड होटेल म्यानेजमेन्ट कलेज मा गोष्ठी सञ्चालन गरिएको थियो । विविध शीर्षकमा २० वटा गोष्ठीपत्र प्रस्तुत भएका थिए । प्रस्तुत गरिए का गोष्ठीपत्र प्रस्तोता, गोष्ठीपत्रका शीर्षक, टिप्पणीकर्ता र छलफलमा प्रश्न तथा सुझाव दिनेको विवरण समेत प्रस्तुत गरिएको थियो ।

गोष्ठीपत्र प्रस्तुत गर्ने प्रस्तोता र प्रस्तुत गरिएका शीर्षक यसप्रकार रहेका थिए । प्रा.डा. कपिलदेव लामिछाने ले "नेपाली गाउँखाने कथाको अध्ययन परम्परा",महेश्वर पन्तले "अमेरिकामा नेपाली लोकसाहित्यको स्थिति र अध्ययन परम्परा", प्रा.डा. मोतीलाल पराजुलीले "नेपाली लोककथाको अध्ययन परम्परा", डा. डपछिरिङ लेप्चाले "सिक्किममा नेपाली लोकसाहित्यको स्थिति र अध्ययन परम्परा", रामशरण सापकोटाले "नेपालका भाषा र सम्वैधानिक व्यवस्था", डा. ध्रुबप्रसाद भट्टराईले "नेपाली कविताको अध्ययन परम्परा", डा. मुकुन्द शर्माले "नेपाली कविताको अध्ययन परम्परा", प्रा.डा. कुसुमाकर न्यौपानेले "नेपाली लोकगीतको अध्ययन परम्परा", ठाकुर गोरगाई ले "बर्मामा नेपाली लोकसाहित्यको स्थिति र अध्ययन परम्परा", ज्ञानेन्द्र सुब्बाले "दार्जिलिङ र डुवर्समा नेपाली लोकसाहित्यको स्थिति र अध्ययन परम्परा", प्रा.डा. चूडामणि बन्धुले "नेपाली लोकनाटकको अध्ययनपरम्परा" र डा. शिवप्रसाद पौडेलले "नेपाली उखानको अध्ययन परम्परा" शीर्षकमा आ-आफ्नो प्रस्तुती दिनुभएको थियो ।

त्यसैगरी भूपेन्द्र अधिकारीले "देहरादुनमा नेपाली लोक साहित्यको स्थिति र अध्ययन परम्परा", एच.बी. विश्वले "भुटानमा नेपाली लोकसाहित्यको स्थिति र अध्ययनपर म्परा", Syeda Rukhsana Zaman Shanu ले "Folk Literature", प्रा.डा. हिरण्यलाल ज्ञवालीले "नेपाली लोकमन्त्रको अध्ययन परम्परा", विवेक क्षत्रीले "सिक्किमका गन्धर्व जातिमा प्रचलित नेपाली लोक साहित्यको अध्ययन परम्परा", डा. ध्रुव घिमिरेले "नेपाली भाषाका टुक्काको अध्ययन परम्परा", डा. खेमराज नेपालले "पूर्वोत्तर भारत को नेपाली लोकसाहित्यको स्थिति र अध्ययन परम्परा" र मित्रदेव शर्माले "आसाममा नेपाली लोकसाहित्यको स्थिति र अध्ययन परम्पर ा" शीर्षकमा आ-आफ्नो प्रस्तुती दिनुभएको थियो ।

चैत्र ३ र ४ गतेको विभिन्न शीर्षकका गोष्ठीपत्र प्रस्तुतिपछि समापन कार्यक्रम गरिएको थियो । सो पोखरा को छिनेडाँडामा स्थित नेपाल टुरिजम् एन्ड होटेल म्याने जमेन्ट कलेजको सभाकक्षमा भएको थियो । समापनसत्रको अध्यक्षता नेपाली विभागका प्रमुख पौडेलले गर्नुभएको थियो भने प्रमुख अतिथिमा प्रा.डा. बन्धुले गर्नुभएको थियो ।

# Faculty and Students Participated in the Program Organized by American Society for Microbiology

TU-PNC, 26 April 2018: A program to familiarize the B.Sc Microbiology students of Prithvi Narayan Campus with the American Society for Microbiology (ASM) was organized by the Dept of Microbiology, Manipal College of Medical Science (MCOMS) on 19 March 2018.

B.Sc Microbiology students and Faculty members of the Prithvi Narayan Campus participated in the program. Prof. Dr. Chandra Bahadur Thapa, Campus Chief, of Prithvi Narayan Campus was the chief guest for this program. He stressed the importance of being in sync with the developments in various fields of science.

Dharma Raj Bhatta, Asst. Prof, Dept of Microbiology, of Manipal College of Medical Sciences explained various aspects of American Society for Microbiology and the benefits the members can draw through ASM resources. Supram HS, a recipient of ASM travel grant shared his experiences with the participants.

Similarly, Dr. Dipendra Hamal, Lecturer, Dept of Microbiology, MCOMS and Dr. Nisha Baral with Indra Bahadur Thapa facilitated the students in navigating the ASM website, registering and becoming member of ASM.

The program was attended by 55 students and 5 Faculty of the campus.

The program was facilitated by Dr. S Gokhale, ASM Country Ambassador for Nepal with the help of Krishna Gurung, Coordinator of Dept of Microbiology, PN Campus, Pokhara.

# 2nd International Kathmandu Astrophysics School at Prithvi Narayan Campus

TU-PNC, 11 June 2018 – The Kathmandu Astrophysics School had its program on computational astrophysics (KAS18) in Prithvi Narayan Campus, Pokhara. The program ran for a week from 10 to 17 June 2018.

"We are very excited to be in Pokhara for KAS18" said Dr. Michele Trenti, an Associate Professor in the School of Physics at the University of Melbourne, Australia and Chair of the school organizing committee. "And we are looking forward to spending one week of intensive teaching and learning activities led by a fantastic team of lecturers in the beautiful leafy setting of the Prithvi Narayan Campus" continued Dr. Trenti.

In addition to Dr. Trenti four lecturers traveled to Pokhara for the school: Prof. Mustafa Amin from Rice University (TX, USA); Clare Kenyon, a PhD candidate and Laby Teaching Fellow at the University of Melbourne; Dr. Jack Line, also from the University of Melbourne, and Ms. Manisha Shrestha, a PhD candidate at the University of Denver (CO, USA) originally from Nepal.

Students had been selected from more than 260 applications from Nepal and nearby countries, demonstrating the high interest in educational initiatives where classes are taught by international experts.

This week, the 12 female and 13 male students were introduced to basic concepts and computational techniques in astrophysics and cosmology, and lectures were combined with hands-on projects, professional development and networking.

"It very helpful and interesting" said Nikita Parajuli, "to meet different people from different countries and work together" continued Manisha Sharma. "I like the opportunity to get exposure to international research trends in astrophysics" finished Roshan Mishra.

"Every aspect of the campus organization has been fantastic" said Dr Trenti, "and I am very grateful for the excellent support provided by the local organizing committee", which was led by Associate Professor Kul Prasad Dahal and by Sabin Gautam, an M.Sc. student on campus and Program Coordinator for the Pokhara Astronomical Society.

"As a former participant of the first edition of KAS (Kathmandu 2016), I am very happy to help with the school organization here in Pokhara. In fact, my experience at KAS16 has been extremely helpful to equip me with the tools to carry out research projects in my academic studies" said Sabin Gautam, continuing with "Therefore, KAS18 will be an ideal opportunity to continue providing students from all over Nepal with exposure to international researchers."

"Student travel to Pokhara, lodging and meals are generously supported by the International Astronomical Union Office of Astronomy for Development, by the Laby Family Foundation, and by Rice University."

The organizing committee is hoping to leverage on the success of this year's edition, and on the valuable connections established with the Prithvi Narayan Campus to establish a long-term series of schools in Pokhara. "I would be delighted to continue collaborating with the KAS scientific organizing committee for future educational initiatives in Pokhara" said Associate Professor Dahal.

The program on computational astrophysics (KAS18) was attended by 25 students and lecturers from different universities around the globe.

# पृथ्वीनारायण क्याम्पसका पूर्व विद्यार्थीहरूद्वारा रक्तदान कार्यक्रम

त्रि.वि. – पृ.ना.क्या., फागुन २२ – पीएनसी अलम्नाई, पृथ्वीनारायण क्याम्पसद्वारा रक्तदान कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको थियो। पीएनसी अलम्नाई पृथ्वीनारायण क्याम्पसका पूर्व विद्यार्थीहरूको एक गैरराजनैतिक संगठन हो।

रक्तदान कार्यक्रम सो संगठनका सभापति विनोद पराजुलीको अध्यक्षतामा क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो।

कार्यक्रममा सोही क्याम्पसका सहायक क्याम्पस प्रमुख उपेन्द्र पौडेल, बसन्त पराजुली र महेन्द्र आले का साथै प्राध्यापकहरू डा. यादवप्रसाद गौडेल, डा. ज्ञानबहादुर कार्की, डा. पुष्पराज शर्मा र डा. मीन पुनको उपस्थिति रहेको थियो।

क्याम्पस प्रमुख थापाले रक्तदातालाई रगत जम्मा गर्ने व्याग प्रदान गरी उद्घाटन गरिएको थियो। सो संगठनका सह-सचिव तथा रक्तदान कार्यक्रमका संयोजक उमेश सारू मगर पहिलो रक्तदाता रहनु भएको थियो।

कार्यक्रमको उद्घाटनमा प्रमुख अतिथि थापाले रक्तदान कार्यक्रले यस क्याम्पसमा भएका प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूलाई सहयोगको भावना अभिवृद्धि गर्नमा टेवा दिनेछ भन्नुभयो।




त्यसैगरी पीएनसी अलम्नाईका सभापति पराजुलीले संगठनको पहिलो कार्यक्रम भएको जानकारी दिदै क्याम्पसको भौतिक, शैक्षिक तथा अन्य गतिविधिहरूमा संगठनले सक्दो सहयोग गर्ने विचार व्यक्त गर्नुभयो। वहाँका अनुसार सो कायक्रमबाट जम्मा ८८ व्याग रगत संकलन गरिएको जानकारीसमेत दिनुभएको थियो।

संगठनका सह-सचिव तथा रक्तदान कार्यक्रमका संयोजक सारू मगरका अनुसार आगामी कार्यक्रम अर्को महिनाको ३ गते क्याम्पसभित्र रहेको पुस्तकालय वरिपरि सरसफाईका साथै बगैचा बनाउने योजना रहेको जानकारी दिनु भएको थियो।

कार्यक्रमको सञ्चालन सो संगठनका कोषाध्यक्ष अन्जनी गुरूङले गर्नुभएको थियो।

## Seminar/Workshop on Philosophy in Research

TU-PNC, 26 May 2018 – Department of English Education organized a seminar/workshop on "Philosophy in Research" on May 26, 2018.

The seminar/workshop was facilitated by Prof. Dr. Krishna Chandra Sharma of Central Department of English, Tribhuvan University. He shed light on the research philosophy and philosophical schools.

The program was attended by 25 faculty members from different departments of Prithvi Narayan Campus.

Delivering the closing remarks, Prof. Tirtha Raj Aryal, Head, Department of English Education, mentioned that philosophy is an integral part of any research. The program was hosted by Mr. Pitri Raj Banstola.

### प्राध्यापक संघद्वारा सम्मान तथा विदाई

त्रि.वि.-पृ.ना.क्या., साउन २८ - प्राध्यापक संघको ५६औं बार्षिक दिवसको उपलक्ष्यमा आयोजित प्राध्यापक सम्मान तथा बिदाई कार्यक्रममा त्रिवि सेवाबाट अवकासप्राप्त प्राध्यापकहरु, विद्यावारिधि गर्ने प्राध्यापकहरु र २५ वर्ष सेवा पूरा गरेका प्राध्यापकहरुलाई पृथ्वीनारायण क्याम्पस एकाइद्वारा आज एक समारोहकाबीच सम्मान तथा विदाई गरियो ।

संघका सभापति प्रा.डा. वेदनाथ शर्माको अध्यक्ष्यतामा सम्पन्न सो कार्यक्रममा निमित्त क्याम्पस प्रमुख नन्दलाल अधिकारीको प्रमुख अथिति रहनु भएको थियो भने क्याम्पसका प्राध्यापकहरुको उपस्थिति रहेको थियो ।

## एनएमवी बैंकद्वारा वित्तीय साक्षरता अभियान आयोजना

त्रि.वि.-पृ.ना.क्या., भदौ ६ गते - पृथ्वीनारायण क्याम्पसमा एनएमवी बैंकद्वारा वित्तीय साक्षरता अभियानअन्तर्गत एक कार्यक्रम सम्पन्न गरेको छ ।

वीपीए र वीएएलएलवीका विद्यार्थीहरुको सहभागीता रहेको उक्त कार्यक्रममा बैंकिङ कारोबारसम्बन्धि आधारभूत जानकारी दिइएको थियो ।

सहजकर्ताका रुपमा बैंकका प्रादेशिक प्रबन्धकहरु र अन्य बैंक कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रम तीन दिनसम्म चलेको थियो । त्यसका लागि हरेक दिन प्राध्यापक, कर्मचारी र विद्यार्थीहरुलाई वित्तीयसम्बन्धि जानकारी दिनका लागि स्टलसमेत राखिएको थियो ।

## स्वास्थ्य परिक्षण कार्यक्रम सम्पन्न

त्रिवि-पृ.ना.क्या., भदौ १५ - पृथ्वीनारायण क्याम्पसको ५९औं वार्षिकोत्सव यही २०७५ भदौं १७ गते मनाईएको थियो ।

सो उपलक्ष्यमा क्याम्पसले विविध कार्यक्रमको आयोजना गरेको थियो । तीमध्ये स्वास्थ्य परिक्षण कार्यक्रमको आयोजना भदौ १५ गते बिहान ८ बजे देखि अपरान्ह २ बजेसम्म क्याम्पस हाताभित्र रहेको विज्ञान भवनको प्रांगणमा गरिएको हो ।

कार्यक्रम सम्पन्न गर्नका लागि गण्डकी मेडिकल कलेज, नयाँ बजारसंग सम्झौता गरिएको थियो जसअनुसार कलेजका तर्फबाट चिकिन्सक र नर्सहरुको व्यवस्था गरिएको थियो ।

कार्यक्रममा स्वास्थ्य परिक्षणका साथै रगत जाँच र ईसीजी गर्ने व्यवस्थासमेत गरिएको थियो ।

परिक्षणका लागि प्राध्यापक, कर्मचारी र विद्यार्थीहरुको उपस्थिति रहेको थियो ।

## Talk Program on Microbiology

TU-PNC, 2 August 2018 – The Department of Microbiology, Prithvi Narayan Campus in association with American Society for Microbiology organized a talk program entitled "Opportunities in Microbiology" on 2 August 2018.

Professor Dr A.M Deshmukh, Head of Department, Microbiology- B.A.M. University, Aurangabad, India as the key speaker of the program highlighted on different aspects, possibilities and opportunities regarding Microbiology and Microbial Biotechnology. Prof. Deshmukh is also the president of Microbiologist Society, India. He also interacted with the students and discussed on several topics including Biofertilizers, Biopesticides, Bioethics, higher studies and other related topics.

The program was facilitated by the Coordinator of Microbiology Department Krishna Gurung. Professor Dr. Sishir Gokhle, Head of Department of Microbiology, Manipal College of Medical Sciences concluded the program highlighting the fields of Microbiology and its importance.

More than 40 students including faculty members from Prithvi Narayan Campus and Manipal College of Medical Sciences attended the program.

# One-Day Seminar/Workshop on Semester System: Philosophy, Expectations and Practices

TU-PNC, 5 May 2018 – The Department of English Education at Prithvi Narayan Campus organized a one-day seminar/workshop on the "Semester System: Philosophy, Expectations and Practices" on 20 April 2018.

The seminar/workshop was facilitated by Dr. Prem Phyak who is serving as Head at the Central Department of English Education, Tribhuvan University, Kirtipur.

Dr. Phyak shared his teaching experiences in a semester system setup with the faculty members and the students of M.Ed. first year of Prithvi Narayan Campus. During his presentation, he focused on the nature of the semester system, its modalities and practices at his department in Kirtipur. He explained the ways of assessment, classroom activities, and evaluation models, and suggested the students of Prithvi Narayan Campus to take the semester system easy.

Delivering his inaugural speech as Chief Guest, Assistant Campus Chief Chola Kanta Ojha expressed his hope that the Department of English Education will be able to successfully implement the semester system at the department.

Delivering the closing remarks by the chair of the program, Prof. Tirtha Raj Aryal who is also serving as the Head of the Department of English Education at Prithvi Narayan Campus requested the students to devote their time for their study and be cooperative towards the departmental activities in order to enhance the teaching learning environment at the department. He said that department is ready and supportive to its students and wishes to share knowledge with its students.

Prof. Aryal also suggested the students to devote more time if the department offers some extra classes for the students and asked the faculty members and students to consider the semester and annual system separately.

The seminar/workshop program was hosted by Dr. Nabaraj Neupane.

## त्रिविबाट अवकाश र सम्मान प्राप्त गर्ने पृ.ना. क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरू

त्रि.वि.-पृ.ना.क्या., भदौ १६ – त्रिभुवन विश्वविद्यालयबाट २०७४ फागुन ०३ देखि २०७५ भदौ १७ सम्म अवकाश र २५ वर्षे दीर्घसेवा सम्मान प्राप्त गर्ने यस क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरूको नामावली यसप्रकार रहेको छ -

| अवकाश प्राप्त गर्ने प्राध्यापकहरूको नामावली | | | | |
|---|---|---|---|---|
| क्र.सं. | पद | नाम | सेवाअवधि | अवकाशको कारण |
| १ | प्राध्यापक | डा. यादवराज गौडेल | २०३६/०५/२५ - २०७४/१२/२८ | अनिवार्य अवकाश |
| २. | प्राध्यापक | डा. दिलबहादुर क्षेत्री | २०४१/०८/१० - २०७५/०५/०५ | अनिवार्य अवकाश |
| ३ | सहप्राध्यापक | लोकनाथ अधिकारी | २०३९/१२/३० - २०७४/११/१८ | अनिवार्य अवकाश |
| ४ | सहप्राध्यापक | डा. कर्णवीर पौडेल | २०४२/०१/०२ - २०७५/०३/२० | अनिवार्य अवकाश |
| ५ | सहप्राध्यापक | विष्णुप्रसाद अधिकारी | २०३८/१२/२६ - २०७५/०५/०९ | अनिवार्य अवकाश |
| ६ | उपप्राध्यापक | जनपुकार मुनन्कमी | २०४३/०४/०१ - २०७४/१२/११ | अनिवार्य अवकाश |
| ७ | उपप्राध्यापक | चिरञ्जीवी बन्जरा | २०६४/०४/०१ - २०७५/०१/१६ | राजिनामा |

| अवकाश प्राप्त गर्ने कर्मचारीहरूको नामावली | | | | |
|---|---|---|---|---|
| क्र.सं. | पद | नाम | सेवाअवधि | अवकाशको कारण |
| १ | शाखा अधिकृत | गोविन्दप्रसाद कोइराला | २०३४/०४/३० - २०७५/०५/०७ | अनिवार्य अवकाश |
| २ | मुख्य पुस्तकालय सहायक | रामविक्रम राणा | २०३९/१०/०९ - २०७४/१२/१६ | अनिवार्य अवकाश |
| ३ | सिनियर पियन | रामचन्द्र पौडेल | २०३३/०८/१४ - २०७४/१२/०१ | अनिवार्य अवकाश |
| ४ | सिनियर खलासी | तुलसी प्र. बास्तोला | २०३६/०६/२१ - २०७४/१२/२७ | अनिवार्य अवकाश |

| २५ वर्षे दीर्घसेवा सम्मान प्राप्त गर्ने प्राध्यापकहरूको नामावली | | | |
|---|---|---|---|
| क्र.सं. | नाम | पद | नियुक्ति मिति |
| १ | बसन्तप्रसाद पराजुली | सहप्राध्यापक | २०४८/११/०१ |
| २. | प्रा.डा. विश्वकल्याण पराजुली | प्राध्यापक | २०४८/१२/०२ |
| ३ | डा. रामचन्द्र पोखरेल | प्राध्यापक | २०४९/०७/१३ |
| ४ | भोजराज शर्मा | सहप्राध्यापक | २०४९/०५/२९ |
| ५ | डा. टंकराज अधिकारी | सहप्राध्यापक | २०४९/०७/१३ |
| ६ | उत्तमबहादुर विजुक्छे | सहप्राध्यापक | २०४९/०७/१३ |
| ७ | कमलराज सापकोटा | सहप्राध्यापक | २०४९/०७/१३ |
| ८ | आनन्दराज पराजुली | सहप्राध्यापक | २०४९/०८/१४ |
| ९ | डा. बाबुराम अधिकारी | सहप्राध्यापक | २०४९/०८/०१ |
| १० | डा. श्रीराम घिमिरे | सहप्राध्यापक | २०४९/१०/०८ |
| ११ | कविराज सुवेदी | सहप्राध्यापक | २०४९/१०/१९ |
| १२ | केशवराज बास्तोला | सहप्राध्यापक | २०४९/१०/२३ |
| १३ | कृष्णराज ढुंगाना | उपप्राध्यापक | २०४९/०४/२० |

## Seminar/Workshop on Research Methodology

TU-PNC, 29 March 2018 – The 6-day "Seminar/Workshop on Quality Research Methodology" organized by Dept of English Education, Prithvi Narayan Campus successfully concluded on 28 March 2018.

The seminar/workshop was facilitated by Prof. Dr. Mana Prasad Wagley of Kathmandu University and Associate Professor Dr. Peshal Khanal of Central Department of Education, TU.

Dr. Khanal expressed his happiness over active participation of the faculty members of the campus, adding that he could share his skills and knowledge with the colleagues at Prithvi Narayan Campus.

On behalf of the participants, Krishna Kumari Pahari and Pitamber Gautam spoke a few words, expressing the importance of attending the program like this.

The seminar/workshop was attended by 40 faculty members from different departments of Prithvi Narayan Campus.

The 6-day seminar/workshop was chaired by Dept Head Prof. Tirth Raj Aryal and hosted by Dr. Naba Raj Neupane.

## 3-Day Seminar/Workshop on Proposal/Thesis Writing for MBS Students

TU-PNC, 04 March 2018 – The Faculty of Management under Prithvi Narayan Campus organized the "3-Day Seminar/Workshop on Proposal and Thesis Writing" program on 1-3 March 2018. The seminar/workshop was conducted for the students of MBS program who opted for thesis writing.

The seminar/workshop program was attended by Dept Head of Management Research Indra Prasad Sharma as chairperson and Campus Chief Prof. Dr. Chandra Bahadur Thapa as chief guest. The program was hosted by Secretary of the program organizing committee.

Prof. Dr. Lekha Nath Bhattarai, Prof. Dr. Vikas KC, Indra Prasad Sharma, Devi Lal Sharma, Dhaneshwor Rakhal, Jas Bahadur Gurung and Hari Prasad Pathak presented their papers on topics related to proposal and thesis writing.

On the first day, Hari Prasad Pathak spoke on topic selection for research, Prof. Dr. Bhattarai on introduction, problems, objectives and review of literature, Prof. Dr. KC on research design and sampling and Indra Prasad Sharma on the overall process of proposal writing.

On the second day, Prof. Dr. KC presented his paper on data collection in research, and data processing, presentation and analysis, Devi Lal Sharma on overall framework of research proposal, and documentation and presentation skill, Dept Head Sharma on the overall process of data collection, presentation and analysis.

On the third day, the resource persons gave their presentations on the concluding part of the research. For instance, Hari Prasad Pathak spoke on major findings, summary and conclusions, and Jas Bahadur Gurung on guidelines for thesis report writing. The presentations were followed by group discussion of the participants.

A total of 88 students of MBS 2070 "B" batch participated in the seminar/workshop.

# The BALLB Team Wins the Best Researcher Award in the "SAARC Moot Court Competition 2018"




TU-PNC, 15 March 2018 – The BALLB Team of Prithvi Narayan Campus has won the title of "Best Researcher" in the "SAARC Moot Court Competition 2018". The SAARC level competition was organized by Indian Institute of Legal Studies, Siliguri, West Bengal, India.

The competition was held on 23-25 February 2018 and 16 different teams representing from different universities of SAARC countries participated in the competition.

The BALLB team of Prithvi Narayan Campus was represented by the fifth semester students of BALLB. They were Pradeep Adhikari, Mejume Gurung and Bed Bahadur Bista. In financial support of the campus, the team had gone to India to participate in the competition.

Upon returning home from India, the participating team members were congratulated by the BALLB Program Coordinator Lal Bahadur Kunwar. "Congratulations Team PNC for SAARC Moot Court Competition 2018 for winning the title of Best Researcher: I'm proud of you guys," he commented on Facebook after the BALLB Team of Prithvi Narayan Campus recorded their first straight win over the 16 SAARC universities.

# "Basic WordPress Workshop" for Students of B.Sc. CSIT

TU-PNC, 29 June 2018 – A workshop on the "Basic WordPress Workshop" was organized for the students of B.Sc. CSIT program on 29 June 2018.

The workshop was facilitated by Pritam Sen Thakuri, CEO & Founder at Webpage Nepal and Bibek Chalise, a freelancer WordPress developer.

At the same program, an encouraging speech was delivered by Yam Bdr Chhetri, Co-founder Webexpert Nepal, saying that information technology provides higher education with the potential for disseminating knowledge to more people than ever before. The IT program at Prithvi Narayan Campus is to integrate information technology into higher education in the institution, he added.

The workshop was attended by the second and fourth semester students. Speaking at the workshop, one of the student participants said that the program such as this should be organized for the students. He further said that this program encouraged the students to work hard and enhance the IT education in the campus.

The faculty members who teach in the B.Sc. CSIT program were also present in the program.

The participants were welcomed by Kul Prasad Dahal, Program Director of B.Sc. CSIT Program at Prithvi Narayan Campus. He said that this type of program would be continued in the days ahead in order to interact with other IT organizations.

Prithvi Bulletin

प. क्षे. हु. नि. द. नं. ३/०७४/७५

Year 3; Issue 2; Sept. 2018-Feb. 2019

*Mailing Address:*
Tribhuvan University
Prithvi Narayan Campus
Bagar, Pokhara
NEPAL

*Contact at:*
Phone: +977-61-526837
Email: info@pncampus.edu.np
Website: www.pncampus.edu.np

To:

______________________

______________________

______________________

Published by QAA/Reform Unit, Tribhuvan University, Prithvi Narayan Campus, Pokhara; Edited by Dr. Min Pun; Printed at Rosey Printing House, Pokhara